# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः** डिभिजन वन कार्यालय, उदयपुर, गाईघाट

**सूचना सार्वजनिक गरेको अवधी : आ.व. २०८२/०८३ ( चौथो त्रैमासिक अवधिसम्मको)**

**१ निकायको स्वरुप र प्रकृतिः**

कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत पर्ने १५ वटा डिभिजन वन कार्यालयहरु मध्येको एक डिभिजन वन कार्यालय उदयपुर पनि हो । यस डिभिजन वन कार्यालय अन्तर्गत ८ वटा सव डिभिजन वन कार्यालय पर्दछ ।

प्राकृतिक स्रोत सम्पदाको संरक्षण, सम्बर्द्धन तथा विकास गर्ने मुख्य जिम्मेबारी सहित डिभिजन वन कार्यालयले स्थानीय उपभोक्ता तथा प्रहरी प्रशासनसँगको समन्वय र सहयोगमा वन, वनस्पति, वन्यजन्तु लगायत समग्र जैविक विविधताको संरक्षण गर्दै आएको छ । यस डिभिजन वन कार्यालयले मूलभुत रुपमा वन ऐन, २०७६, कोशी प्रदेश वन ऐन २०७७ तथा वन नियमावली, २०५१ र यस संग सम्वन्धित निर्देशिका, कार्यविधि र मापदण्डहरुको अधिनमा रहि वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन र सदुपयोगको कार्यमा सहजीकरणमा भूमिका र वन अपराध नियमन र नियन्त्रण गर्नुपर्ने दायित्व रहेको छ । यस परिप्रेक्षमा वन अतिक्रमण, चोरी कटानी, वनको हानी नोक्सानी, वन पैदावारको अवैध ओसारपसार, वन्य जन्तुको चोरी शिकारी तथा ओसारपसार, वन अतिक्रमण, वन डढेलो लगायतका कसूरहरुलाई वन ऐनले फौजदारी अपराधको रुपमा मानेको र त्यस्तो कसूर गर्नेहरुको जाँचबुझ अनुसन्धान तहकिकात र मुद्दा दायरी समेत गर्ने अधिकार दिएकोले सरकार वादी मुद्दाको कानुनी कार्यविधीहरुको अध्ययन, र अवलम्बन गरी तदनुरुप कार्यान्वयन गर्नुपर्ने कार्यभार समेत रहेको छ ।

**२ निकायको काम, कर्तव्य र अधिकारः**

- वन क्षेत्रको नीति, कानुन, नियम तथा कार्यविधिहरुको अधिनमा रही वन अतिक्रमण, चोरी कटानी, वनको हानी नोक्सानी, वन पैदावारको अवैध ओसारपसार, वन्य जन्तुको चोरी शिकारी तथा ओसार पसार, वन अतिक्रमण, वन डढेलो लगायतका क्रियाकलापहरुलाई नियमन र नियन्त्रण गर्ने, क्षेत्राधिकार भित्रका वन मुद्दाहरुको थुनछेक आदेश, सुनुवाई र फैसला गर्ने
- जैविक विविधता तथा वन क्षेत्रको पहिचान, वर्गिकरण र व्यवस्थापकिय पद्धतीको छनोट गरी सोको संरक्षण, सम्बर्धन, व्यवस्थापन र सदुपयोग तथा लाभांश वांडफांडमा सहजीकरण,
- स्वीकृत बजेट कार्यक्रमको अधिनमा रही वार्षिक योजना तर्जुमा, कार्यान्वयन, विरुवा उत्पादन र वितरण, नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन, जडिवुटी खेती प्रवर्द्धन, विस्तार, बजारीकरणमा तथ्यांक संकलन, सहजीकरण, अनुगमन, नियमन, समिक्षा र रिपोर्टिङ
- वेरुजु सम्परीक्षण र न्यूनीकरण, क्रियाकलापहरुको सूचना सवलीकरण र पारदर्शिता अवलम्वन

भुवन पौडेल
वन अधिकृत (सातौं)

३ निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:

क) कर्मचारी संख्या:

कर्मचारी दरवन्दी र पदपुर्तीको अवस्था

| क्र.स. | पद | श्रेणी | सेवा/समुह/उप समुह | स्वीकृत दरवन्दी | कार्यरत कर्मचारी संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | डि.व.अ. | अधिकृत नवौं/दशौं | वन/ज.फ. | १ | १ | ० | |
| २. | वन अधिकृत | अधिकृत सातौं/आठौं | वन/ज.फ. | १२ | १० | २ | |
| ३. | रेन्जर | अधिकृत पाँचौं/छैटौं | वन/ज.फ. | १० | ३ | ७ | |
| ४. | फरेष्टर | अधिकृत चौथो/पाँचौं/छैटो | वन/ज.फ. | ८ | ८ | ० | |
| ५. | वन रक्षक | श्रेणी विहिन पाँचौं | वन/ज.फ. | ४९ | ४६ | ३ | |
| ६. | लेखा अधिकृत | अधिकृत सातौं/आठौं | प्र./लेखा | १ | ० | १ | |
| ७. | लेखापाल | अधिकृत पाँचौं/छैटौं | प्र./लेखा | १ | १ | ० | |
| ८. | शाखा अधिकृत | अधिकृत सातौं/आठौं | प्र./सा.प्र. | १ | ० | १ | |
| ९. | नायव सुब्बा | अधिकृत पाँचौं/छैटौं | प्र./सा.प्र. | १ | ० | १ | |
| १० | खरिदार | सहायक चौथौं/पाँचौं | प्र./सा.प्र. | १ | १ | ० | |
| ११ | अपरेटर(मेकानिकल) | अधिकृत पाँचौं/छैटौं | ने.ई/मे. | १ | १ | ० | |
| १२ | सुवेदार | रा.प.अनं.प्रथम | विविध | १ | ० | १ | |
| १३ | जमदार | रा.प.अनं.दितीय | विविध | २ | ० | २ | ११ जना संघीय दरबन्दीमा |
| १४ | हवल्दार | रा.प.अनं.तृतीय | विविध | ४ | ० | ४ | |
| १५ | सशस्त्र वन रक्षक | श्रेणी विहिन चौथो/पाँचौं | विविध | १६ | ० | १६ | ९ जना करार |
| १६ | हलुका सवारी चालक | श्रेणी विहिन चौथो/पाँचौं | प्र./सा.प्र. | २ | २ (करार) | ० | |
| १७ | कार्यालय सहयोगी | श्रेणी विहिन चौथो/पाँचौं | प्र./सा.प्र. | ३ | ३ | ० | १ जना करार |
| १८ | हेल्पर | श्रेणी विहिन चौथो/पाँचौं | ने.ई/मे. | १ | १ (करार) | ० | |
| १९ | चौकीदार | श्रेणी विहिन चौथो/पाँचौं | प्र./सा.प्र. | १ | १ | ० | |
| जम्मा | | | | ११६ | ७८ | ३८ | |

भुवन पौडेल
अधिकृत (सातौं)

ख) कार्य विवरण:

- वन क्षेत्रको नीति, कानुन, नियम, मापदण्ड तथा कार्यविधिहरुको अधिनमा रही वन अपराध (**वन पैदावार हानी नोक्सानी वा चोरी निकासी, वन्यजन्तुको चोरी शिकारी, वन अतिक्रमण, वन डढेलो सम्बन्धि सवालहरुमा**) नियमन र नियन्त्रण
- मौजुदा नीति अनुसार वन क्षेत्रको पहिचान, बर्गीकरण गरि संरक्षण र व्यवस्थापनको लागि व्यवस्थापकिय पद्धति छनौट र अवलम्बन, अनुगमन तथा नियमन
- स्वीकृत बजेट कार्यक्रम र कार्यविधीको अधिनमा रही वार्षिक योजना तर्जुमा, कार्यान्वयन, नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन, अनुगमन, समिक्षा, नियमन र रिपोर्टिङ
- कार्यक्रम तथा क्रियाकलापहरुको सूचना सवलीकरण, प्रवर्द्धन र पारदर्शिता अवलम्वन
- वेरुजु सम्परीक्षण र न्यूनीकरण

४ निकायबाट प्रदान गरिने सेवा:

- सूचना दिने, गुनासो सुन्ने, उपभोक्ता समूह गठन, विधान तयारी, दर्ता, कार्ययोजना तयारी, नविकरण र स्वीकृति, समूहलाई विरुवा उत्पादन, वृक्षारोपण, वन व्यवस्थापनमा सहजीकरण
- समूह मार्फत विरुवा उत्पादन, वितरणमा सम्झौता र कार्यान्वयनमा सहजीकरण
- निजी, सा.व., धा.व., र क.व. दर्ता/हस्तान्तरण, प्रमाणपत्र वितरण
- काष्ठ, गैह्रकाष्ठ विरुवा उत्पादन र वितरण
- ऐन, नियमको पैरवी र प्रचार प्रसार (**तालिम, गोष्ठी, अन्तरक्रिया तथा प्रचार मार्फत**)
- स्वीकृत कार्ययोजना अनुसार सा.व.को वन पैदावार उत्पादन र विक्रीमा प्राविधिक सहजीकरण
- निजी वन जाँचबुझ र दर्ता, निजी आवादी सम्बन्धी जाँचबुझ र कटान सहजीकरण
- **वन संरक्षण नियमन** (चोरी कटानी, चोरी शिकारी, डढेलो नियन्त्रण)
- निजी आवादी, सामुदायिक वनको वन पैदावारको निकासीमा सहजीकरण
- वनमा आधारित उद्योग स्थापना गर्ने स्थानको दूरी प्रमाणित र सिफारिस,
- जडिवुटी खेती प्रवर्द्धन, विस्तार, बजारीकरणमा तथ्यांक संकलन, सहजीकरण
- वन, वातावरण, जैविक विविधता संरक्षण, प्रवर्द्धनमा सहजीकरण

५) सेवा प्रवाह गर्ने शाखा / निकाय:

- डिभिजन वन कार्यालयमा योजना शाखा, वन व्यवस्थापन शाखा, प्रशासन शाखा, लेखा शाखा र सशस्त्र वन सुरक्षा शाखा
- फिल्डस्तरमा ८ वटा सव डिभिजन वन कार्यालयहरु

भुवन पौडेल
अधिकृत (सातौं)

## ६) जिम्मेवार अधिकारी, लाग्ने दस्तुर र अवधी:

### नागरिक वडापत्र:

| सि.नं | कार्यालयले दिने सेवा | सेवाग्राहीले पेश गर्नुपर्ने कागजातहरु | समयअवधि | शुल्कविवरण | सेवाप्रदानकाआधार | सेवादिने कर्मचारी र शाखा | प्रमुख/न |
|---|---|---|---|---|---|---|---|
| १ | सूचनादिने | निवेदन | कार्यालय समय भित्र | ,नियम अनुसार | कार्यालयको क्षेत्राधिकारको भएमा | योजना शाखा व.अ. जागेश्वर साह ९७६८८०१९३१ | |
| २ | गुनासो/उजुरी सुन्ने | मौखिक वा लिखित जानकारी | " " | नि:शुल्क | कार्यालयको क्षेत्राधिकार भित्रको भए | | |
| ३ | • समूह गठन, विधान तयारी, दर्ता<br>• कार्ययोजना तयारी, नविकरण र स्वीकृति(**सामुदायिक र धार्मिक वन**) | निवेदन साथ समूहको आमसभाको निर्णय | १ महिना<br>२ महिना | नि:शुल्क<br>" | मार्गदर्शन अनुरुप गठित समिति र संबन्धित स.डि.व.का.को सिफारिस | योजना शाखा व.अ.भुवन पोडेल सूचना अधिकृत | |
| ४ | समूहलाई विरुवा उत्पादन, बृक्षारोपण, वनव्यवस्थापन तालिममा प्राविधिक सहयोग | समूहको निर्णय र माग गरेको निवेदन | माग अनुसार | नर्म्सअनुसार | समूहबाट व्यवस्थापन सुनिश्चित हुने भएमात्र | " " | |
| ५ | सा.व. र धा.व.को प्रमाणपत्रको प्रतिलिपि प्रदान | निवेदन तथा समूह भेलाको निर्णय प्रतिलिपि | १ दिन | रु.२५।- | औचित्यखुलेको प्रमाण पेश भए | " " | |
| ६ | समूह मार्फत विरुवा उत्पादन, वितरणमा सम्झौता र कार्यान्वयनमा सहजीकरण | समूहको निर्णय सहित विरुवा उत्पादन, बृक्षारोपण र संरक्षण सुनिश्चतकागजातहरु | प्रत्येकमा २ दिन | नि:शुल्क | मार्गदर्शन अनुरुप गठित समितिसंग मात्र, | " " | |
| ७ | काष्ठ, गैह्रकाष्ठ विरुवा वितरण | संरक्षण सुनिश्चितता सहितको निवेदन | १ दिन | नि:शुल्क | उपलब्धभएसम्म | नर्सरी | |
| ८ | समूहको स्विकृत कार्ययोजना अनुसार वन पैदावार उत्पादन र विक्रीमा प्राविधिक सहयोग | समूहको निर्णय र मागपत्र | कार्तिक–जेष्ठ | नि:शुल्क | सावको वन पैदावार संकलन, विक्री गर्ने कार्यविधि, २०७३ अनुसार | " " | |
| ९ | **ऐन, नियमको पैरवी र प्रचार प्रसार** ( तालिम, गोष्ठी, अन्तरक्रिया तथा प्रचार सामाग्री मार्फत) | संस्था, समूहको माग, निवेदन र आवश्यकता अनुसार | १-७दिन | नि:शुल्क | स्वीकृत कार्यक्रमकार्यान्वयनकार्यविधअनुसार | " " | |
| १० | स्थानीयतहलाई निजीवनजाँचबुझमा सहजीकरण | स्थानीय तहबाट माग भै आएमा | ५ दिन | नि:शुल्क | स.व.अ. र वन जेडिएको कि.नं.भएअमिनको प्राविधिक प्रतिवेदन | " " | |
| ११ | **वन संरक्षण नियमन**(चोरी कटानी, चोरी शिकारी, डढेलो नियन्त्रण) | स्वीकृत कार्यक्रममाआधारित माग र आवश्यकताअनुसार | तत्काल | नि:शुल्क | स्थानीय समूह र सरोकारवाला बीच समन्वय | वनकर्मचारी परिचालन र सुरक्षा निकायको सहयोग | |
| १२ | सरकारद्धारा व्य.वनको काठ दाउरा संकलन र विक्री | स्वीकृत कार्ययोजना र कार्यविधिअनुसार | संकलन कार्तिक–जेष्ठ, विक्रीवर्षैभर | नियम अनुसार | प्रचलितऐन, नियम र कार्यविधि | वन व्यवस्थापन शाखा, व.अ. जागेश्वर साह | |
| १३ | वनमा आधारित उद्योग स्थापना गर्ने स्थानको दूरी प्रमाणित र सिफारिस | घरेलुको पत्र,स्थापना गर्ने जग्गाको लालपूर्जा, तिरो तिरेको रसिद, | १५दिन | नि:शुल्क | नापी, घरेलु का.का प्रतिनिधि र स.व.अ.को निर्णय र सिफारिस पत्र | व.अ./ स.व.अ. | |
| १४ | आपूर्ति समितिबाट सर्वसाधारणलाई काठ विक्री | लालपुर्जाको प्रतिलिपि, कि.नं. खुलेको, तिरो तिरेको रसिद, नक्सा, स्था. तहको सिफारिस | प्रक्रिया पुरा भै पेशभएकै दिन | नियमअनुसार | आपूर्ति समितिको कार्यविधिअनुसार | आपूर्ति समिति स.व.अ. पुण्य प्रसाद पौडेल | |
| १५ | वन मुद्दाको प्रतिलिपिहरु | निवेदन | ३ दिन | नि:शुल्क | रित पुगेको निवेदन भए | प्रशासन शाखा | |
| १६ | स:मिलको चिरान जाँचबुझ र निकासी | निवेदनर सक्कल निकासी इजाजतपत्र | ३दिन | नि:शुल्क | **स.डि.व.का.**को प्राविधिक प्रतिवेदन | व.अ./स.व.अ./ रेन्जर | |
| १७ | संस्था/समूहले सम्झौता अनुसार गरेका कार्यको भुक्तानी | योजनाको सिफारिश आवश्यक कागजातहरु | ३ दिन | नि:शुल्क | गुणस्तरीय कार्य सम्पादनभएमात्र | लेखाशाखा/ लेखापाल | डिभिजनल वनअधिकृत गजेन्द्र कुमार श्रेष्ठ ९८५२८३५१३५ |

७ निर्णय गर्ने प्रकृया र अधिकार:

सम्बन्धित निकायको निवेदन वा सिफारिस, स्थलगत जाँचबुझ प्रतिवेदन, सम्बन्धित शाखाको राय र प्रचलित ऐन नियममा भएको अख्तियारीको आधारमा कार्यालय प्रमुखले निर्णय दिने अन्यथा तालूक निकायमा फस्यौंटको लागि सिफारिस गर्ने ।

८ निर्णय उपर उजुरी सुन्ने अधिकारी:

फिल्डस्तरमा भएको काम कार्बाही उपर परेको उजूरी उपर कार्यालय प्रमुखले सुन्ने, चित्त नबुझे जिल्ला प्रशासन कार्यालय मार्फत सुनुवाई हुने, वन सम्बन्धि मुद्धाको हकमा जिल्ला अदालत, पूनरावेदन अदालतबाट निर्णय उपर उजूरी सुन्न सकिने ।

९ सम्पादन गरेको कामको विवरण:

आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिमा सम्पादित मुख्य मुख्य क्रियाकलापहरु:

क. वातावरण तथा जैविक विविधता संरक्षण कार्यक्रम:

- मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा वन्यजन्तु उद्दार
- दिवस समारोह -(वृक्षारोपण दिवस, वन डढेलो सप्ताह)

ख. डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) (संघ सशर्त) कार्यक्रम

- सघीय दरबन्दीमा रही प्रदेश अन्तर्गत डि.व.का.हरुमा कार्यरत स.व.र.हरुको तलब, महँगी भत्ता, राशन, बीमा ।

ग. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ सशर्त)

- उत्पादित बहुवर्षिय विरुवाहरुको हेरचाह,
- ANR कार्यक्रम संचालन, बाँस रोपण, वन्यजन्तु उद्धार तथा पूर्स्थापना  नमूना वृक्षारोपण कार्य सम्पन्न
- कार्ययोजना नवीकरणमा सहयोग ।

घ. प्रदेश वन विकास तथा जडिबुटि प्रवर्द्धन कार्यक्रम

- विरुवा उत्पादन, वृक्षारोपण, नगर उद्यान निर्माण, अग्नि रेखा निर्माण तथा मर्मत ।
- पकेट क्षेत्रमा जडिबिुटि विस्तार,
- वन्यजन्तुका लागि पानी आहाल तथा क्रिडास्थल

ङ.डिभिजन वन कार्यालयहरु

- मर्मत सुधार
- मेशिनरी तथा औजार खरीद, फर्निचर तथा फिक्चर्स खरीद
- तलब भता, राशन ।

**हाल सम्मको मुद्दा एवं राजश्वको विवरण**

मुद्दा विवरण : चौथो त्रैमासिक

जिल्ला अदालत उदयपुरमा दायर : जम्मा ४ वटा

फर्छयौट भएको : जम्मा ० वटा

वन नोक्सानी : ३ जना (प्रतिवादी)

वन्यजन्तु : ० जना प्रतिवादी

बरामद काठ १७८१.३४ घ.फि.

**बेरुजु विवरण:** हाल सम्मको  जम्मा बेरुजु: रु ९०,१५,५२२।१२

असुल उपर गर्नु पर्ने रु.६९५०७०९

नियमित गर्नु पर्ने रु २०६४८१३।१२

**राजश्वको विवरण :** राजश्व रु. २०३०००००

**रोजगारीको विवरण :** काठजन्य काममा १२०००... श्रमदिन (रा.व. र निजी आवादी तर्फ मात्र)
विकास काममा करीब ८००० श्रमदिन
**कूल जम्मा २०००० श्रमदिन**

**१० सूचना अधिकारीको नाम:** भुवन पौडेल **पद:** वन अधिकृत (सातौं तह प्रा.)

**कार्यालय प्रमुखको नाम:** गजेन्द्र कुमार श्रेष्ठ **पद: डिभिजनल वन अधिकृत (नवौं तह प्रा.)**

**११ ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**

- राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन, २०२९, ऐ. ऐ. नियमावली, २०३०
- वन ऐन, २०७६, वन नियमावली २०५१
- कोशी प्रदेश प्रदेश वन ऐन, २०७७
- वातावरण संरक्षण ऐन, २०५३, ऐ. ऐ. नियमावली, २०५४
- सा.व.विकास कार्यक्रमको मार्गदर्शन, (पहिलो शंसोधन )२०७१
- सा.व.को वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७१
- वन नीति, २०७१
- वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७३
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धि कार्यविधि, २०७३
- जिल्ला वन पैदावार आपूर्ती समितिको कार्यविधि निर्देशिका, २०७३
- सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि, २०७५
- वेरुजू फछ्र्यौट सरल निर्देशिका, २०७५
- वन विभागसंग सम्बन्धित रणनीति, निर्देशिका, कार्यविधि, र मापदण्डहरुको संगालो
- वन क्षेत्रका विभिन्न कार्ययोजना निर्माण प्रकृयासंग सम्बन्धित वन विभागबाट पारित विषयसूचीको संगालो। २०७०
- सामुदायिक वनको निर्देशिका, २०५२
- निजी वन विकास निर्देशिका, २०६८
- खोटो संकलन (कार्यविधि) निर्देशिका, २०६४
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०७४
- भूकम्प पिडितहरुको लागी काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२
- सरकारी रुखहरु हटाउने सम्बन्धि मापदण्ड, २०७१

भुवन पौडेल
वन अधिकृत (सातौं)

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय,उदयपुर (उदयपुर)

## १२ आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण:

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयका लागि तपसिल बमोजिमका कार्यक्रमहरु प्राप्त भई यस त्रैमासिक अवधिमा कार्यान्वयनको समग्र अवस्था निम्न बमोजिम रहयो:

**आ.व. २०८२/०८३ तेस्रो त्रैमासिक**
**बजेट विनियोजन तथा खर्चको अवस्था (प्रगति अवस्था)**

| सि.नं. | कार्यक्रम | स्वीकृत बजेट | | खर्च विवरण | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पुजिगत | चालु | पुजिगत | वित्तिय | भौतिक |
| १ | वातावरण तथा जैविक विविधता संरक्षण कार्यक्रम | १६.५० | १६.५० | १६.५० | १६.५० | १०० | १०० |
| २ | डिभिजन वन कार्यालयहरु | ६७१.३५ | १९ | ६०७.८४ | १९ | ९०.५४ | १०० |
| ३ | प्रदेश वन विकास तथा जडिबुटी प्रवर्द्धन कार्यक्रम | ५६.९ | ८०.१० | ५६.८९५ | ८०.०४ | ९९.९९ | १०० |
| ४ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) | १३४.८४ | - | १३१.६८ | - | ९७.६६ | १०० |
| ५ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ५.५० | १७६.७० | ५.५० | १७६.७० | १०० | १०० |
| जम्मा | | ८८५.०९ | २९२.३ | ८१८.४१५ | २९२.२४ | ९४.३३ | १०० |

## १३ तोकिए बमोजिमका अन्य विवरणहरु:

**वन पैदावार उत्पादन तथा निकासीको अवस्था**
**आ.व. २०८२/०८३ तेस्रो त्रैमासिक**

| क्र.सं | वन व्यवस्थापन पद्धतिर विवरण | जात | काठ( क्यु.फिट) | दाउरा (चट्टा) | संकलित राजश्व | मु.अ.कर. | प्रदेश सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|
| १ | सरकारद्वारा व्यवस्थित वन | साल | १०२१० | १७.५ | १,८७,६१,११२.३८ | २४,०७,९० ६।०७ | १,०६,५७५।९ |
| | | सिसौ | - | | | | |
| | | खयर | - | | | | |
| | | अन्य | २३०४ | | | | |
| २ | निजी वन/ आवादी | साल | - | - | - | - | - |
| | | सिसौ | २८८१.८२ | १४.६९ | - | ६,४१,०६४ | ६८,०१४ |
| | | खयर | १७८५.६१ | | | | |
| | | अन्य | ३२८५.२५ | | | | |
| ३ | सामुदायिक वन ( बाह्य विक्री) | क्यु.फिट | ४२७०१.८० | ६ चट्टा | समूहको कोषमा ४,८७,७७, २०६ | ८६,८३,११ ११४९ | ३,८३,५०१।३७ |
| ४ | साझेदारी वन | क्यु.फिट | | | | | |
| ५ | विकास आयोजना | क्यु.फिट | १६२१.३४ | ६.३४ | आम्दानी बाध्न बाँकी | | |

पौडेल
(सातौं)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | वन अपराधजन्य/मुद्दा | क्यु.फिट | २९४५.२४ | ७ | ५५,०९,९७५ | ८,२०,५९८ | ३०,५७८ |
| ७ | गैरकाष्ठ वन पैदावार | के.जि. | ३४०३७४ | - | ५९,२५० | - | २९,५७४ |
| ८ | खोटो | के.जि. | | | | | |
| ९ | घाटगद्दीमा मैज्दात (साल जातका काठ) | क्यु.फिट. | १४७६७.१ | | आम्दानी बाध्न बाँकी | | |
| १० | घाटगद्दीमा मैज्दात (अन्य जातका काठ) | क्यु.फिट. | १४४४.५६ | | आम्दानी बाध्न बाँकी | | |
| | जम्मा | | ६४१०२ | ३८.१९ | १,८८,२०,३६२.३८ | १,२५,५२,६७९ | ६१८२४३.२७ |

**१४ अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कुनै प्रकाशनहरु भए सोको विवरण :**

आ.व. २०८१/ को वार्षिक पुस्तिका प्रकाशन भई वितरण भएको ।

**१५ सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण:** dfogaighat.koshi.gov.np

Email:dfogaighat@gmail.com

**१६ सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण:** छैन

**१७ सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**

वुंदा नं. १२ मा उल्लेख छ ।

**१८ सार्वजनिक निकायले वर्गिकरण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:** वन अपराधसंग सम्बन्धित मुद्धाको जाँचबुझ अनुसन्धानको शिलसिलामा मुद्धा दायर नभएसम्म अपराधसंग सम्बन्धित विषयहरुमा कानुनले तोके बमोजिम गोप्य राख्नुपर्ने सूचना बाहेक अन्य नभएको ।

**१९ सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण:** लिखित रुपमा सूचना माग सम्बन्धी निवेदन नआएको, मौखिक रुपमा अनुरोध भए बमोजिमका सूचनाहरु (उपलब्ध भए सम्म) दिने गरिएको ।

**२० सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:** राष्ट्रिय दैनिक पत्रिका, सूचना वोर्ड, वाषिक समिक्षामा प्रस्तुती र वितरण, स्थानीय तहहरुलाई पत्राचार मार्फत जानकारी, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, प्रदेश कोष तथा लेखा नियन्त्रण इकाइ कार्यालयमा जानकारी ।

**२१ अन्य कार्य:**

- वन संरक्षण अन्तर्गत गस्ती परिचालन
- पकेट क्षेत्रमा तेजपात खेती विस्तारका लागि प्रचारप्रसार

कोशी प्रदेश सरकार
उद्योग, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)
गाईघाट (कोशी), नेपाल

- सा.व.उ.स.हरुलाई PAN नं. लिने कार्यमा सहजीकरण
- वन डढेलो सम्बन्धी व्यापक प्रचार
- वन डढेलो सप्ताह संचालन
- सामुदायिक वनहरुलाई प्राविधिक सहयोग
- गरिबी न्यूनीकरण तर्फ विनियोजित रकमबाट प्रत्यक्ष रुपमा जनता लाभान्वित हुने काम गर्न गराउन सामुदायिक वनहरुलाई सहजीकरण ।
- बहुउद्देश्यीय तथा बहु उद्देश्यीय विरुवा उत्पादन कार्यलाई निरन्तरता । सर्वसाधारण समेतलाई निशुल्क विरुवा वितरण गर्ने तयारी ।
- बेरुजु रकम फर्छ्यौट/संपरीक्षण तर्फ कार्य गरिएको ।
- संभावित वृक्षारोपण क्षेत्रको पहिचान गरी वृक्षारोपणको तयारी ।
- जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत सर्वसाधारण लाई चिरान काठ समेत बिक्री शुरु ।
- **बहेडबा सा.व.मा अवस्थित  शहीद स्मारक तथा निजामती पार्क व्यवस्थापनमा अग्रसरता ।**
- **कार्यालय परिसर सौन्दर्यीकरण तथा सेवाग्राहीका लागि गोलघर (प्रतिक्षालय) व्यवस्थापन ।**

भुवन पौडेल
वन अधिकृत (सातौं)